# अनुगमन गरिएका योजना तथा कार्यक्रमहरू

१. खत्रीठाँटी सत्रसय विमिरेभञ्ज्याङ भोर्लेटार सडक (सत्रसय विमिरेभञ्ज्याङ खण्ड स्तरोन्नति )

२. खत्रीठाँटी सत्रसय विमिरेभञ्ज्याङ भोर्लेटार सडक (सत्रसय विमिरेभञ्ज्याङ खण्ड मर्मत तथा स्तरोन्नति )

३. खत्रीठाँटी सत्रसय विमिरेभञ्ज्याङ भोर्लेटार सडक ( विमिरेभञ्ज्याङ भोर्लेटार खण्ड स्तरोन्नति )

४. करापुटार-साल्मेभञ्ज्याङ- पसगाउँ-सिङ्दी सडक (ट्र्याक ओपन)

५. करापुटार साल्मेभञ्ज्याङ सडक स्तरोन्नति (इशानेश्वर खण्ड)

६. करापुटार-साल्मेभञ्ज्याङ- पसगाउँ-सिङ्दी सडक स्तरोन्नति (करापु, गिलुङ, भोजे खण्ड)

७. करापुटार-साल्मेभञ्ज्याङ- पसगाउँ-सिङ्दी सडक स्तरोन्नति (भोजे खण्ड)

८. परेवाडाँडा- धितालचौतारा- जिताकोट -समिभञ्ज्याङ सडक

९. सोतीपसल जिताकोट विमिरेभञ्ज्याङ नेटा सडक

१०. सूर्यपाल कुँयलेखेत भैरवस्थान नागभैरव कल्भर्ट निर्माण

११. भोर्लेटार धुलपुरबजार स्कुलगेट सडक कालोपत्रे (लागत साझेदारी)

१२. भैरवकाली उमावि भवन निर्माण, रम्घा

१३. सामुदायिक भवन संरक्षण गिलुङ ५

१४. दलित आमा समुह भवन, गिलुङ

१५. कोम्रो आमा समुह भवन निर्माण भोजे

१६. बेतनी छापा सडक, करापु

१७. कुसुमाकर उमावि भवन पुननिर्माण इशानेश्वर

१८. चेलीबेटी मार्ग स्तरोन्नति, कुन्छा

१९. शहीदचोक रामबजार सडक भोर्लेटार र इशानेश्वर

## १. खत्रीठाँटी सत्रसय विमिरेभञ्ज्याङ भोर्लेटार सडक (सत्रसय विमिरेभञ्ज्याङ खण्ड स्तरोन्नति )

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- यस आवमा यो खण्डमा काम राम्रो भएको महशुश भएको ।
- यस वर्ष बाह्रै महिना यातायात सुचारु हुने कुरा बताएका ।
- सडक ग्राभेलिङ भएको हुँदा सजिलो भएको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु. १३ लाख ४४ हजार विनियोजन भएको ।
- योजनास्थलमा होर्डिङ बोर्ड राखिएको ।
- योजनाको जिरो प्वाइन्ट खत्रीठाँटी भनिए पनि सत्रसयबाट मात्र कार्य थालिएको ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- रोलर लगाएर ग्राभेलिङ गरिएको ।
- योजनाको कार्य सन्तोषजनक रहेको ।
- तोकिएकै समयमा योजना फरफारक भै सकेको भन्ने बुझियो ।



## २. खत्रीठाँटी सत्रसय विमिरेभञ्ज्याङ भोर्लेटार सडक (सत्रसय विमिरेभञ्ज्याङ खण्ड मर्मत तथा स्तरोन्नति )

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- यस वर्ष बाह्रै महिना यातायात सुचारु हुने कुरा बताएका ।
- सडक ग्राभेलिङ भएको हुँदा सजिलो भएको ।
- धेरै उपभोक्ताहरु भेट गर्न भने नसकिएको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु ८ लाख विनियोजन भएको ।
- योजनास्थलमा होर्डिङ बोर्ड राखिएको ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- रोलर नलगाइकन ग्राभेलिङ गरिएको र केही हिमपाइपहरु राखिएको
- केही ग्याभिन जालीहरु भरेको पाइयो तर त्यति राम्रोसंग नभरिएको ।
- केही स्थानहरुमा सडक चौडा पार्ने कार्य भएको ।
- समग्रमा योजनामा सन्तोषजनक काम भएको ।



३. **खत्रीठाँटी सत्रसय विमिरेभञ्ज्याङ भोर्लेटार सडक ( विमिरेभञ्ज्याङ भोर्लेटार खण्ड स्तरोन्नति )**

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- योजना कार्यान्वयनको सवालमा भेट भएका उपभोक्ता बेखबर रहेका ।
- सार्वजनिक परीक्षण बारे पनि जानकारी पाउन नसकेका ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु. १३ लाख ४४ हजार  र १२ लाख गरी कुल २५ लाख ४४ हजार विनियोजन भएको ।
- योजनास्थलमा होर्डिङ बोर्ड राखिएको तर १३ लाख ४४ हजारको मात्र उल्लेख भएको । अर्को होर्डिङबोर्ड देखिएन ।
- योजनास्थलमा आम उपभोक्तालाई खबर गरेर सार्वजनिक परीक्षण गरेको पाइएन ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- विमिरेभञ्ज्याङ नजिक सडक चौडा पार्ने कार्य भएको ।
- केही स्थानहरुमा हिमपाइपहरु राखिएको ।
- ग्राभेलिङ कार्य नाम मात्रैको भएको ।
- इष्टिमेट वमोजिमको कार्य हुन सकेको देखिएन ।
- बजेट वमोजिम कार्य सन्तोषजनक पाइएन । योजनाबारे आम उपभोक्तालाई जानकारी पनि नभएको पाइयो ।



**४. करापुटार-साल्मेभञ्ज्याङ- पसगाउँ-सिङ्दी सडक (ट्र्याक ओपन)**

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- विकट स्थानलाई महत्व दिएकोमा जिविसप्रति आभार ।
- विकट स्थानमा कार्य भै रहेको हुँदा अझै केही समय काम गर्न दिनु पर्ने ।
- पसगाउँ सम्म जसरी पनि छिटो भन्दा छिटो सडक सञ्जाल जोडिनु पर्ने ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु २६ लाख ८८ हजार विनियोजन भएको । कन्टिन्जेन्सी बाहेक ।
- योजनास्थलमा होर्डिङ बोर्ड राखिएको ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- सडकको ट्र्याक खोल्ने कार्य भै रहेको । लागत इष्टिमेट वमोजिम ट्र्याक खोल्न अव करिव ५०० मिटर बाँकी रहेको ।
- दुई वटा मेसिनहरु योजनास्थलमा काम गर्दै गरेका ।
- जालीहरु भर्ने कार्य पनि भएको पाइयो । तर केही जालीहरु पहिरोले बढारिसकेको ।
- काम सवै सम्पन्न हुन बाँकी रहेको ।
- हालसम्म भएका कार्यहरु सन्तोषजनक देखिएको ।





## ५. करापुटार साल्मेभञ्ज्याङ सडक स्तरोन्नति (इशानेश्वर खण्ड)

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- गुणस्तरको काम हुने कुरामा शंका ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु ५ लाख विनियोजन भएको

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- अनुगमन टोली पुग्दा ग्राभेलिङको लागि कार्य भै रहेको । तर गिटीको गुणस्तर कमजोर रहेको ।
- बाटोहरु हिलाम्मे अवस्थामा रहेको । बाटोहरु चौडा पार्ने कार्य  पनि भएको ।
- कार्य त्यति सन्तोषजक भन्ने अवस्था रहेन ।



**६. करापुटार-साल्मेभञ्ज्याङ- पसगाउँ-सिङ्दी सडक स्तरोन्नति (करापु, गिलुङ, भोजे खण्ड)**
**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- योजना परेको बारे आम उपभोक्ताहरुले जानकारी प्राप्त भएको अवस्था नरहेको ।
- उपभोक्ता समितिका पदाधिकारीहरु संग भेट हुन नसकेको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु १५ लाख ७६ हजार विनियोजन भएको । कन्टिन्जेन्सी बाहेक ।
- योजनास्थलमा होर्डिङ बोर्ड राखिएको पाइएन ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- ८ लाख भन्दा बढीको ग्राभेलको काम अनुगमन गर्दाका वखतसम्म हुँदै नभएको ।
- सडक स्तरोन्नति हुन नसक्दा यातायात सञ्चालनमा कठिनाई भएको ।
- सल्भेदेखि माथि केही सोलिङ कार्य भएको तर फिनिसिङ राम्रो हुन नसकेको ।
- केही ग्याविन बक्सहरु भर्ने कार्य भएको ।
- समग्रमा यो खण्डमा काम सन्तोषजनक रुपमा भएको पाइएन र गर्न बाँकी रहेको देखियो ।



**७. करापुटार-साल्मेभञ्ज्याङ- पसगाउँ-सिङ्दी सडक स्तरोन्नति (भोजे खण्ड)**
**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- खासै केही पाइएन ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु १७ लाख ८ हजार विनियोजन भएको । कन्टिन्जेन्सी बाहेक ।
- योजनास्थलमा होर्डिङ बोर्ड देखिएन ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- ठाउँ ठाउँमा ग्याविन बक्सहरु भरेका ।
- योजना फर फारक भै सकेको भन्ने बुझियो ।
- समग्रमा काम सन्तोषजनक भएको ।



### ८. परेवाडाँडा- धितालचौतारा- जिताकोट -समिभञ्ज्याङ सडक

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- यस वर्ष भीर खण्ड छिचोल्न सफल भइएकोमा उपभोक्ताहरुमा उत्साह रहेको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु. १० लाख विनियोजन भएको ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- लामो समयदेखि खोल्न नसकिएको भीरखण्ड यसवर्ष खोलिएको । ग्राभेलिङ कार्य समेत भएको देखिएको ।
- अन्यत्र पनि सडक चौडा पार्ने कार्य भएको ।
- समग्रमा कार्य सन्तोषजनक भएको पाइयो ।



### ९. सोतीपसल जिताकोट विमिरेभञ्ज्याङ नेटा सडक

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- उपभोक्ताहरुसंग त्यस्तो अन्तर्क्रिया गर्न भ्याइएन ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट ११ लाख ५० हजार विनियोजन भएको ।
- योजनास्थलमा होर्डिङबोर्ड राखेको पाइयो ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- करिव २५० मिटर जति ग्राभेल गरिएको । तर ग्राभेल गर्नु पर्ने स्थानमा अझै बाँकी देखियो ।
- १५० मिटर जति सोलिङ कार्य भएको ।
- सडक चौडा पार्ने कार्य पनि भएको ।
- समग्रमा कार्य सन्तोषजनक भएको पाइयो ।



## १०. सूर्यपाल कुँयलेखेत भैरवस्थान नागभैरव कल्भर्ट निर्माण

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- योजनाको छनौट कार्य व्यवहारिक नभएको ।
- योजना कार्यान्विनबाट झन् बाटो हिलो र अप्ठेरो भएको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट ६ लाख  विनियोजन भएको ।
- योजनास्थलमा होर्डिडबोर्ड राखेको देखिएन ।
- ३।३ लाखको दुई खण्डमा कार्य भएको ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- आवश्यक खोलामा कल्भर्ट हाल्नुको सट्टा आवश्यक नदेखिएको स्थानमा कल्भर्टको लागि लइ भएको । हाल कल्भर्ट राख्ने भनिएको स्थानमा यस अघि नै हिम पाइप राखिएको र उक्त हिमपाइप नै पर्याप्त भएको स्थानमा कल्भर्ट बनाउन लागिएको । हाल रड मात्र थुपारिएको र कार्य हुन समेत बाँकी रहेको ।
- उपभोक्ताहरु विच योजनालाई लिएर मतभेद देखिएको ।
- गाविसकै रकमबाट पनि योजना सञ्चालन गर्दा हुने स्थानमा जिविसको बजेट परेको पाइयो ।





## ११. भोर्लेटार धुलपुरबजार स्कुलगेट सडक कालोपत्रे (लागत साझेदारी)

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- सवैबाट रकम उठ्न नसक्दा लक्ष गरेको सडक सवै कालोपत्रे हुन नसक्ने ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- लागत साझेदारीमा कार्य गर्दा श्रोतको सही उपयोग भई गुणस्तर पनि बढ्ने देखिएको ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- तोकिएको बजार क्षेत्रमा २४० मिटर सडक कालोपत्रे कार्य भएको देखियो ।
- सोही मूल्यांकनको आधारमा जिविसले ४० प्रतिशत लागत बेहोर्नेछ ।
- उपभोक्ताको लक्ष ५०० मिटर भन्दा बढी कालोपत्रे गर्ने रहेछ ।



## १२. भैरवकाली उमावि भवन निर्माण, रम्घा

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- कामदार पाउन नसक्दा भनेको बेलामा काम सम्पन्न गर्न कठिनाई हुँदो रहेछ ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- विद्यालयमा पुग्दा कार्य भै रहेको पाइयो ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- उक्त विद्यालयको भूईँतला माथिको पहिलो तलामा ढलान गर्नको लागि कार्य भै रहेको ।
- उक्त कार्यबाट थप ४ कोठाको भवन तयार हुने देखिन्छ ।
- ढलान कार्य हुन बाँकी छ ।



## १३. सामुदायिक भवन संरक्षण गिलुङ ५

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- राम्रो कार्य भएको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु २ लाख विनियोजन भएको

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- भवनको डिलमा पहिरो गएर भवन जोखिम अवस्थामा रहेकोमा हाल भित्ता ढलान भई संरक्षण हुन पुगेको ।
- काम राम्रो भएको देखियो ।



## १४. दलित आमा समुह भवन, गिलुङ

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- हामी सवैले कयौं दिन श्रमदान गऱ्यौं ।
- भवन राम्रो बनेको छ तर भूकम्पले गाह्रो कमजोर बनेको छ ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु १ लाख ५० हजार विनियोजन भएको छ ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- समग्रमा काम राम्रो भएको पाइयो ।



## १५. कोम्रो आमा समुह भवन निर्माण भोजे

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- मिहिनेतपूर्वक भवन निर्माण गरेका छौं ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु १ लाख ५० हजार विनियोजन भएको रहेछ ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- भवनको फिनिसिङ कार्य बाँकी नै देखिन्छ ।
- समग्रमा काम राम्रो भएको पाइयो ।



## १६. बेतनी छापा सडक, करापु

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- उपभोक्ता भेट्न सकिएन ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु ३ लाख  विनियोजन भएको रहेछ ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- मौजुदा ट्रयाक कठिन भएकोले नयाँ ट्रयाक खोलेर सिधा र सहज  बनाइएको रहेछ ।
- समग्रमा काम राम्रो भएको पाइयो ।



**१७. कुसुमाकर उमावि भवन पुननिर्माण इशानेश्वर**

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- कार्य गर्न ढिलाई भएको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु ३ लाख  विनियोजन भएको रहेछ ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- हालसम्म कुनै पनि कार्य हुन नसकेको ।
- भूकम्पले भत्काएको माथिल्लो तला हटाउने कार्य गर्ने गरी लइ भएको भन्ने प्राविधिकबाट बुझियो ।



### १८. चेलीबेटी मार्ग स्तरोन्नति, कुन्छा

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- उपभोक्ता भेट्ने समय रहेन ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु २ लाख विनियोजन भएको रहेछ ।

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- मोडहरु सुधार गर्ने कार्य भएको ।
- सडक चौडा गर्ने कार्य भएको
- बजेट अनुसार कार्य राम्रो नै देखिएको ।

### १९. शहीदचोक रामबजार सडक भोर्लेटार र इशानेश्वर

**आयोजना/कार्यक्रमप्रति आम उपभोक्ताको धारणा :**

- राम्रो कार्य भएको ।

**अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरु :**

- जिविसबाट रु ३ लाख विनियोजन भएको

**बजेटबाट प्राप्त उपलब्धी बारे :**

- कार्य सम्पन्न भएको । करिव ७०० मिटर ग्राभेलिङ भएको ।
- हाल यातायात आवत जावतमा सजिलो भएको पाइयो ।
- समग्रमा बजेट अनुसार कार्य राम्रो भएको पाइयो ।